महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाण्डौं ।

सूचनाको हक कार्यान्वयन सम्बन्धी त्रैमासिक प्रतिवेदन
(२०७७ कार्तिक १ देखि पौष ३० सम्म)

१. **परीचयः** नेपालको संविधान, २०७२ को धारा २४१ अनुसार सवै संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानून वमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकवाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यस्तै पचास प्रतिशत भन्दा वढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसँग परामर्श गरिने व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण व्यवस्थापन गर्ने गरेको छ ।

२. **लेखापरीक्षणको दुरदृष्टि, गन्तव्य र मूल्य मान्यताः** लेखापरीक्षण संस्थाको दुरदृष्टि "जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रर्वद्धन गर्ने विश्वसनिय संस्था हुन प्रयत्नशील रहने" गन्तव्य "सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्वन्धमा आस्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय सेवा प्रदान गर्ने" र मूल्यमान्यतामा "निष्ठा, स्वतन्त्रता, व्यवसायिकता, पारदर्शिता, जवाफदेहिता" रहेको छ ।

३. **लेखापरीक्षणका आधारः** लेखापरीक्षणका आधारमा नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, कार्यविधी आदि रहेका छन् । यसका अतिरिक्त प्रचलित ऐन, नियमको आधारमा लेखापरीक्षण गर्ने व्यवस्था छ ।

४. **लेखापरीक्षण प्रकारः** महालेखापरीक्षकको कार्यालयले मुख्यतः वित्तिय, कार्यमूलक र परीपालनाको लेखापरीक्षण गर्ने गर्दछ । यसका अतिरिक्त सूचना प्रविधिको लेखापरीक्षण, विशेष लेखापरीक्षण लगायतका लेखापरीक्षण गर्दै आएको छ ।

५. **लेखापरीक्षण प्रक्रियाः** लेखापरीक्षण व्यवस्थापन गर्दा मुख्यतः लेखापरीक्षण योजना तर्जुमा, योजना कार्यान्वयन, प्रतिवेदन र सम्परीक्षण गर्ने कार्य गर्ने गरिन्छ । लेखापरीक्षण योजना तर्जुमा गर्दा मुख्यतः जोखिममा आधारित लेखापरीक्षण योजना तर्जुमा गरिने र लेखापरीक्षणका जोखिमहरुको मूल्यांकनका आधारमा प्राथमिकरण गरी लेखापरीक्षण विधि छनौट गर्ने गरिन्छ, वढी जोखिम भएका निकायका लागि विस्तृत लेखापरीक्षण र कम जोखिम भएका निकायको लागि संक्षिप्त कार्यविधीवाट लेखापरीक्षण सम्पन्न गरिएको छ ।

६. **सूचनाको हक कार्यान्वयन सम्बन्धी व्यवस्थाः** सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को कार्यान्वयन सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन गर्ने व्यवस्था गरी सार्वजनिक निकायको काम कारवाहीमा पारदर्शिता कायम गर्न सहयोग पुग्ने गरी सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ जारी भएको छ ।

७. **सूचना अधिकारीः** कार्यालयवाट सम्पादित कामको नियमित सूचना प्रवाह गर्नका लागि सूचना अधिकारीको रुपमा निर्देशक श्री नेत्रप्रसाद पौडेल (मोवाइल नं. ९८५१११७५११ इमेलः netra.paudel1970@gmail.com) लाई मिति २०७७।११।२६ मा नियुक्त गरिएको छ ।

Scanned with CamScanner

८. **सूचना प्रवाहको माध्यमः** यस कार्यालयबाट सम्पादित कामहरुको सूचना प्रवाह गर्नका लागि वेभसाइट (www.oagnep.gov.np) मा सूचना जानकारी अपलोड गर्ने, नियमित बुलेटिन प्रकाशन गर्ने र सूचनाको हक सम्बन्धी अधिकार अन्तर्गत सूचना माग गरेमा सो सूचना वा जानकारी उपलब्ध गराउने गरिएको छ ।

९. **२०७७ कार्तिक १ गते देखि पौष ३० गते सम्म सूचना माग गरेको विवरणः** सूचनाको हक सम्वन्धी अधिकार प्रयोग गरी २०७७ कार्तिक देखि पौष मसान्त सम्म माग गरेको सूचना र सूचनाको सम्बन्धमा उपलब्ध गराएको जवाफको विवरण देहाय बमोजिम छ :

सि.नं.	सूचना माग गर्ने व्यक्ति	सूचनाको विवरण	कैफियत
१.	श्री हिमाल लम्साल	काठमाडौं महानगरपालिका लगायतका विभिन्न कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन ।	मिति २०७७/०६/३० मा e-mail वाट सम्वन्धित निकायबाट प्राप्त गर्नुहुन भन्ने जवाफ पठाइएको ।
२.	श्री गणेशदत्त भट्ट	कैलाली जिल्ला लगायतका विभिन्न कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन ।	मिति २०७७/०७/२३ मा e-mail वाट सम्वन्धित निकायबाट प्राप्त गर्नुहुन भन्ने जवाफ पठाइएको ।
३.	श्री गणेशदत्त भट्ट	कैलाली जिल्ला लगायतका विभिन्न कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन ।	मिति २०७७/०८/०९ मा e-mail वाट सम्वन्धित निकायबाट प्राप्त गर्नुहुन भन्ने जवाफ पठाइएको ।

१०. **निष्कर्षः** जिम्मेवारी एवं जवाफदेहिताको प्रर्वद्धन गर्न पारदर्शिताको आवश्यक पर्ने र पारदर्शिताको मापन सूचना प्रवाहबाट गर्न सकिने भएकोले सूचना प्रवाहको भूमिका महत्वपूर्ण रहेको छ । सूचना प्रवाहले पारदर्शिता प्रर्वद्धन गर्दै जिम्मेवारी र जवाफदेहिता वहनमा सघाउ पुग्न गई कार्यालयको कार्य सञ्चालन स्तर वृद्धि हुने तर्फ कार्यालयले विशेष ध्यान दिदै आएको छ ।

(नेत्र प्रसाद पौडेल)
निर्देशक/सूचना अधिकारी

Scanned with CamScanner